# मिति २०७५/०१/३० गते बसेको सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठकका निर्णयहरू

**निर्णय नं १**

सिद्ध कुमाख गाउँपालिकाको मर्मत सम्भार कोष संचालन कार्यविधि, २०७५ सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं २**

सिद्ध कुमाख गाउँपालिका वडा नं १ मा संचालित सिमलतारी सिचाई योजनालाई यस अघि गाउँसभाबाट विनियोजित रकम रु २,००,०००(दुई लाख मात्र) अपुग भएकोले कन्टेन्जेन्सीबाट खर्च लेखी रु १,१५,०००(अक्षेरुपी एक लाख पन्ध्र हजार मात्र) रकम थप गर्ने सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं ३**

सिद्ध कुमाख गाउँपालिकाका सवै वडामा सामाजिक परिचालक राख्न अति आवश्यक देखिएकोले सामाजिक परिचालक नभएको वडा नं २ मा खुला विज्ञापन गरेर सेवा करारमा १ जना समाजिक परिचालक राख्ने र वडा नं ५ को लागि मिति २०७५।०१।१५ गतेको सुचना बमोजिम बैकल्पिक योग्यताक्रम १ मा सिफारिस भएका उम्मेदवार श्री लक्ष्मी कुमारी पुनलाई करारमा नियुक्ती गर्ने सर्वसम्मतिले निर्णय गरियो । साथै निजहरुको मासिक पारिश्रमिक रु १४००० (चौध हजार मात्र) र अन्य सुविधा करारमा सम्झौताम उल्लेख भएअनुरुप हुने गरी योजना व्यवस्थापन (कटेन्जेन्सी) खर्चबाट बययभार ब्यहोर्ने सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं ४**

जिल्ला युवा समितिको कार्यालय सल्यानको च नं ५० मिति २०७७।०१।२ गतेको पत्रानुसार यस गाउँपालिकामा युवाहरुका लागि उद्यमशिलता र स्वरोजगार सम्बन्धी तालिम संयुक्त रुपमा संचालन गर्ने र उक्त कार्यक्रमको लागि अपुग रकम रु ३०,००० (तिस हजार मात्र) यस गाउँपालिकाले ब्यहोर्ने अनुरोध गरी तालिम सम्मपन्न गरिसकेकोले उक्त संस्थालाई रु ३०,००० (तिस हजार मात्र) उपयुक्त खर्च शिर्षकमा खर्च लेखी भुक्तानी दिने सर्वसम्मतीले निर्णय गरियो ।

**निर्णय नं ५**

सिद्ध कुमाख गाउँपालिकामा विभिन्न मितिमा बाढी पहिरो आगलागी जस्ता प्राकृतिक विपदमा परी राहतका लागि यस गाउँ कार्यपालिकामा निबेदन दिएका तपसिलका ब्यक्तिहरुलाई तपसिल बमोजिमको रुकम राहात स्वरुप नगद उपलब्ध गराउने निर्णय गरिया।

तपसिल

| सि नं | नाम थर | ठेगाना | प्राकृतिक विपतको किसिम | अनुमानित क्षति रु | राहत रकम रु |
|---|---|---|---|---|---|
| १ | तिला रकाल | सिद्ध कुमाख गा पा ५ | हुरी बतासले गोठ भत्केको | | ५००० |
| २ | उमा कुमार कुमाइ | सिद्ध कुमाख गा पा ५ | हुरी बतासले गोठ भत्काएको | ५००००० | ५००० |
| ३ | अमर दमाई आइते दमाई | सिद्ध कुमाख गा पा ५ | घर आगलागी | | ५००० |
| ४ | आइते रेउले | सिद्ध कुमाख गा पा ५ | पहिरोले घरमा क्षति भएको | | ५००० |
| ५ | गोरी बुढाथोकी | सिद्ध कुमाख गा पा ५ | घर आगलागी | ३५४००० | ५००० |
| ६ | मन बहादुर बोहरा | सिद्ध कुमाख गा पा ५ | पहिरोले घरमा क्षति भएको | ३००००० | ५००० |

**निर्णय नं ६**

सिद्ध कुमाख गाउँपालिकाको गाउँसभाले आ व २०७४।७५ का लागि स्वीकृत नीति तथा कार्यक्रम अनुसार यस गाउँपालिकामा संचालित तपसिलका योजनाहरु सफलता पूर्वक सम्पन्न भएकोले फरफारक गर्ने उक्त योजनामा दिइएको भुक्तानी अनुमोदन गर्ने र भुक्तानी दिन बाँकी योजना कार्यक्रमहरुलाई भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो।

<u>तपसिल</u>

१. भजैखोला खा पा योजना
२. सिमलतरी सिचाई कुलो आयोजना
३. आयोजना डाँडाकटेरी दलित टोल खा पा टंकी निर्माण
४. पाखापानी दह दलित टोल खा पा योजना
५. जुम्ले धारा खा पा योजना
६. चाख्लीघाट गोलटाकुरा सडक स्तर उन्नती आयोजना
७. मेल्बोट खा पा योजना
८. जोगिदेरा सिचाई मर्मत योजना
९. खर्सेनी खोला खेत सिचाई योजना

१०. कुकरेखोर खा पा योजना
११. तिमिले सागिने सडक आयोजना
१२. देविदर्का उपल्लो बाझकाँडा क्रमागत सडक आयोजना
१३. जलामारे मेलचौर क्रमागत सडक आयोजना
१४. जनता कालिका आ वि घेरवार
१५. बाल उद्दान प्रा वि घेरवार फिल्ड निर्माण
१६. राउमारे खाने पानी मर्मत
१७. वाल विकास प्रा वि राम्री भवन मर्मत र फिल्ड निर्माण
१८. माझखर्क तल्लो टोल खा पा मर्मत
१९. हिमालय प्रा वि माझखर्क खा पा योजना
२०. गौरी खोला कतरकाडे खा पा योजना
२१. आमा समूह सल्लाघारी टोल भवन निर्माण
२२. पटारे कुकुरेखोर उपल्लो बाझकाँडा क्रमागत सडक आयोजना
२३. तल्लो बाझकाँडा उपल्लो बाझकाँडा सडक स्तर उन्नती आयोजना
२४. बाटुले टाकुरी माझगाउँ तिनकुने क्रमागत सडक आयोजना
२५. चिनाली देखी ४ नं वडा कार्यालय सडक आयोजना
२६. उचाल्ने घारीटोल दारिमटाकुरा सडक आयोजना
२७. रुप्सेपिपल खानीगाउँ स्कुल सडक स्तर उन्नती तथा नयाँ निर्माण आयोजना
२८. पैयाचौर घारीटोल खा पा योजन